# मानविकी तथा सामाजिक शास्त्र संकाय
# डीनको कार्यालय, कीर्तिपुरको
# कक्षाभार तथा क्रेडिट आवर सम्बन्धी जरुरी सूचना

सेमेस्टर प्रणालीको कक्षाभार तथा क्रेडिट आवर सम्बन्धी हालको व्यवस्थामा कार्यकारी परिषद्को मिति २०७५\१\३१ को निर्णयबाट परिमार्जन गरिएकोले आवश्यक कार्यार्थ सम्पूर्ण केन्द्रीय विभागका प्रमुखहरू, क्याम्पस प्रमुखहरू, संयोजकहरू तथा सम्बद्ध सरोकारवाला सबैलाई सूचित गरिन्छ । उक्त निर्णयको सक्कलै स्क्यान कपी यसै साथ संलग्न गरिएको छ ।

सहा. डीन

त्रिभुवन विश्वविद्यालय
# त्रि.वि. सभा तथा कार्यकारी परिषद्‌को सचिवालय
कीर्तिपुर, काठमाडौं, नेपाल

३.६१ १४२० 
०७५/०२/०३

प.सं.स.का.प.च.नं.: ६२४/०६४/०६५ मितिः २०७५।२।६

~~श्री शिक्षाध्यक्षको कार्यालय~~
त्रि.वि., कीर्तिपुर ।

श्री योजना निर्देशनालय,
त्रि.वि., कीर्तिपुर ।

विषय : **निर्णय पठाइएको बारे ।**

त्रि.वि. कार्यकारी परिषद्‌को मिति २०७५।१।३१ को बैठकको निर्णय नं. १८८६ त्यस कार्यालयसँग सम्बन्धित भएकोले आवश्यक कार्यार्थ पठाइएको व्यहोरा अनुरोध गर्दछु। निर्णयसँग सम्बन्धित फाइल संलग्न छ/छैन ।

रामेश्वर ढुंगेल
नि. कार्यकारी सचिव

निर्णय नं. १८८६
त्रिभुवन विश्वविद्यालय अन्तर्गतका निकायहरुमा सेमेष्टर प्रणालीमा अध्ययन अध्यापन गर्ने विषयका सम्बन्धित विषयगत शिक्षकहरुलाई कक्षाभार एवं क्रेडिट आवर मिलाउने, आंशिक शिक्षकहरुलाई प्रतिकक्षा अथवा एकमुष्ट प्याकेजमा पारिश्रमिक दिने र त्रिभुवन विश्वविद्यालय अन्तर्गतका आङ्गिक क्याम्पसहरुमा शिक्षकले आफ्नो विषयसँग सम्बन्धित मिल्दो विषयको समेत कक्षा अध्यापन गर्ने विषयमा अध्ययन गरी राय सुझाव सहितको प्रतिवेदन पेश गर्न त्रि.वि. कार्यकारी परिषद्‌को मिति २०७४।१२।१४ को बैठकको निर्णय नं. १८१० बमोजिम गठित समितिको प्रतिवेदनका आधारमा उल्लेखित विषयहरुका सम्बन्धमा निम्न बमोजिम गर्ने निर्णय भयो :

१. विभाग तथा क्याम्पसहरुमा स्नातक तह सेमेष्टरको लागि प्रति सेमेष्टर ६ क्रेडिट गरी वार्षिक १२ क्रेडिटसम्म अध्यापन गर्नुपर्ने ।
२. विभाग तथा क्याम्पसहरुमा स्नातकोत्तर सेमेष्टरको लागि प्रति सेमेष्टर ४.५ क्रेडिट गरी वार्षिक ९ क्रेडिटसम्म अध्यापन गर्नुपर्ने ।
३. Doctor of Philosophy (Ph.D.) Course / M.Phil को हकमा प्रति सेमेष्टर ३ क्रेडिट हुने गरी वार्षिक ६ क्रेडिटसम्म अध्यापन गराउनुपर्ने ।
४. Bachelor Level वार्षिक प्रणाली र Master Level Semester प्रणालीमा सञ्चालन भएका क्याम्पसको हकमा Bachelor मा १०० पूर्णाङ्क र Master मा प्रति सेमेष्टर ३ क्रेडिट गरी वार्षिक ६ क्रेडिटसम्म अध्यापन गर्नुपर्ने ।
५. प्रयोगात्मक परीक्षाको हकमा शिक्षक विद्यार्थी संख्याको अनुपात १ : १५ हुन सक्नेछ । जस्तै– १ क्रेडिटको प्रयोगात्मक विषय रहेको र कक्षामा ३० जना विद्यार्थी भएमा २ क्रेडिट बराबरको कार्य भएको मानिनेछ । शिक्षकहरुले सैद्धान्तिक र प्रयोगात्मक कक्षा न्यूनतम ४० : ६० को अनुपातमा लिनुपर्नेछ ।
६. क्याम्पस/विभागले सम्पूर्ण पूर्णकालीन शिक्षकलाई कक्षाभार अनुसारको जिम्मेवारी दिएर बाँकी रहेको कक्षामा मात्र आंशिक शिक्षक नियुक्त गर्न सक्नेछन् । आंशिक शिक्षकको हकमा स्नातकोत्तर तहमा अध्यापन गरेबापत प्रति क्रेडिट रु.१५,०००।- को दरले भुक्तानी गर्ने तर यस्तो आंशिक शिक्षकको रुपमा भुक्तानी लिन कक्षाभार अनुसारको कक्षाहरु अनिवार्य लिएको हुनुपर्नेछ ।
७. एउटै क्याम्पस/विभागभित्रका पूर्णकालीन शिक्षकहरुले आफ्नै विषय मिल्दोजुल्दो विषय (फरक सिफ्टमा समेत) अध्यापन गरेर तोकिएको कक्षाभार एवं क्रेडिट पूरा गर्नुपर्नेछ । तर फरक-फरक सिफ्टमा अध्यापन गरे पनि कुनै एउटा सिफ्टलाई कक्षा लिएको आधार मान्नु पर्नेछ ।

**बोधार्थ तथा कार्यार्थ**
श्री आर्थिक प्रशासन महाशाखा, त्रि.वि., कीर्तिपुर ।
श्री लेखापरीक्षण महाशाखा, त्रि.वि., कीर्तिपुर ।